बैठक संख्या : १२

आज मिति २०७५।०१।१९गते मंगलबार विहान ०८:०० बजे चन्द्रनगर गाँउपालिकाको कार्यालयमा यस गाँउपालिकाका अध्यक्ष श्री महेन्द्र महतोज्यूको अध्यक्षता तथा तपशिल बमोजिमका गाँउ कार्यपालिका सदस्यहरुको उपस्थितिमा चन्द्रनगर गाँउ कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| पदाधिकारीहरु : | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना वेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |
| सचिव | टेक प्रसाद भट्टराई | |
| अन्य कर्मचारी | | |
| ईन्जिनियर | मोहर लाल महतो | |
| स.ले.प. | दिना दास | |

महेन्द्र महतो
गाँउपालिका अ...

५९

**<u>चन्द्रनगर गाउँपालिकाको मिति २०७५\०१\१९ गते बसेको गाउँ कार्यपालिकाको बैठकक निर्णयहरु</u>**

<u>निर्णय नं १</u> चन्द्रनगर गाउँपालिका, बिशेष गाउँ सभा अधिबेशनको अबसरमा राष्ट्रहित,लोकतन्त्र र अग्रगामी परिबर्तन एबम संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापनार्थ नेपालि जनताले पटक पटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन , संघर्ष ,त्याग र बलिदानको गौरबपूर्ण इतिहासलाई स्मरण गर्दै शहिदहरुप्रति हार्दिक श्रदान्जली अर्पण गरि बेपत्ता र पिडित नागरिकहरु प्रति सम्मान गरियो।

<u>निर्णय नं २</u> चन्द्रनगर गाउँपालिकाको आर्थिक ऐन,२०७४ प्रथम संशोधन बिधयक सर्बसम्मतले स्वीकृत गर्ने निर्णय बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो|

<u>निर्णय नं ३</u> चन्द्रनगर गाउँ कार्यपालिकाको मिति २०७४\१०१६ गते को बैठकको निर्णय अनुसार गाउँ कार्यपालिकाको कार्यालयले सार्बजानिक खरिद ऐन,२०६३ तथा नियमवाली ,२०६४(हाल सम्मको संशोधन) को नियम ३१(ख) तथा उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा(क्याटलक सपिंग) खरिद गर्ने कार्यविधि २०७४ को प्रक्रिया पुरा गरि जनकपुर टूडे राष्ट्रिय दैनिक मा ईच्छुक उत्पादक वा बिक्रेता लाई सुचिकृत हुन गरिएको सूचनाअनुसार सुचिकृत बिक्रेताहरु मध्ये उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा(क्याटलक सपिंग) खरिद गर्ने कार्यविधि २०७४ को दफा १० बमोजिम MAW Earth Movers PVT. LTD. धोबिघाट, ललितपुर को मात्र प्रस्ताब दर्ता भएको र निज बिक्रेताले first free servicing,1(one) year warranty of machine,one fiscal year tax clearance and owenership transfer सहित को सेवा छुट सहित ९२ hp को JCB 3DX Super Back hoe loader रु.३९,९९,९९९\-(अक्षेरुपी रुपैया उनान्तीस लाख उनान्सय हजार नौ सय उनान्सय मात्र)मा बिक्रि गर्न सक्ने आर्थिक प्रस्ताब पेश गरेको हुँदा गाउँ कार्यपालिकाको कार्यालयले उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा(क्याटलक सपिंग) खरिद गर्ने कार्यविधि २०७४ को सम्पूर्ण प्रक्रिया पुरा गरि राष्ट्रिय स्तर को दैनिक पत्रिकामा सूचना प्रकाशित गर्दा समेत एउटा मात्र बिक्रेताले माग बमोजिमको मेशिन बिक्रि गर्न प्रस्ताब पेश गरेको र उक्त बिक्रेताको छुट सहितको आर्थिक प्रस्ताब प्राबिधिकबाट तयार गरि स्वीकृत लागत अनुमान रकमभन्दा रु.४ लाख घटी देखिएको उक्त प्रस्ताब स्वीकृत लागत अनुमान भन्दा न्युनतम रुपमा मुल्यांकित तथा सारभूत रुपमा प्रभाबग्राही प्रस्ताब रहेको देखिएको हुँदा MAW Earth Movers PVT. LTD. धोबिघाट, ललितपुर सेवा छुट सहित ९२ hp को JCB 3DX Super Back hoe loader रु.३९,९९,९९९\-(अक्षेरुपी रुपैया उनान्तीस लाख उनान्सय हजार नौ सय उनान्सय मात्र) बिक्रि गर्न सक्ने भनि पेश गरेको आर्थिक प्रस्ताब स्वीकृत गरि उक्त बिक्रेताले प्रस्ताब गरेको ९२ hp को JCB 3DX Super Back hoe loader खरिद गर्ने भनि चन्द्रनगर गाउँ कार्यपालिकाको मिति २०७४\१२\०५ गतेको बैठकको निर्णय अनुमोदनको लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

<u>निर्णय नं ४</u> चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभा बाट स्वीकृत वडा नं ६ र ७ को वडागत विनियोजित बजेट मध्ये खानेपानी योजना समपुरक कोष शिर्षकमा प्रत्येक वडाबाट विनियोजित रु ८\८ लाख रकमलाई Fund board, Nepal को आर्थिक सहयोग ,स्थानीय संस्था RRPK को सहजीकरण तथा उपभोक्ताको सहभागितामा संचालित तपशिल बमोजिमको खानेपानी आयोजानाको लागि उपभोक्ताले ब्यहोर्नु पर्ने ५.५% रकम मध्ये तीन वटा आयोजनाको लागि जम्मा रु. ४,४५,०००\-(चार लाख पैतालिस हजार रुपैया मात्र) मात्र जम्मा हुन सकेको र रु. १६,००,०००\- (सोह्र लाख रुपैया) अपुग हुन गई खानेपानी आयोजना संचालनमा अबरोध पैदा भई आयोजनाको सम्पूर्ण काम ठप्प हुन गएको र Fund Board, Nepal बाट थप अनुदान प्राप्त हुन नसक्ने र ग्रामिण जनताले शुद्ध खानेपानी पिउन पाउने अधिकारबाट बन्चित हुनु पर्ने अवस्था आएकोले प्रथम गाउँबाट खानेपानी आयोजना समपुरक कोष शिर्षकमा विनियोजित रकम तपशिल बमोजिम बाडफाड गरि तत् तत् खानेपानी उपभोक्ता समितिको बैंक खातामा रकम ट्रान्सफर गर्ने र Fund board, Nepal बाट बाकि अनुदान रकम प्राप्त नहुँदासम्म गाउँपालिकाबाट ट्रान्सफर गरेको रकम रोक्का राखी उक्त अनुदान रकम प्राप्त भएपछी उपभोक्ताले पेश गरेको बिल भरपाई तथा प्राबिधिकबाट मुल्यांकन गराई खर्चको स्रोत नदोहिरिने गरि रकम फुकुवा गर्ने गरि हाललाई भुक्तानीको ब्यवस्था मिलाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशित गर्ने चन्द्रनगर गाउँ कार्यपालिकाको मिति २०७४\१२\०५ गतेको निर्णयलाई अनुमोदन गराउनको लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो:

<u>तपशिल</u>

<u>चन्द्रनगर वडा नं ६ को खानेपानी योजना समपुरक कोष शिर्षक मा विनियोजित रु.८ लाख रकम</u> बाट

१) नाढीताल खानेपानी तथा सरसफाई उपभोक्ता समिति – रु. ४(चार) लाख

२) चन्द्रनगर खानेपानी तथा सरसफाई उपभोक्ता समिति – रु. ४(चार) लाख

<u>चन्द्रनगर वडा नं ७ को खानेपानी योजना समपुरक कोष शिर्षक मा विनियोजित रु.८ लाख रकम</u> बाट

१) चंद्रगंज खानेपानी तथा सरसफाई उपभोक्ता समिति – रु.६(छ) लाख

२) नाढीताल खानेपानी तथा सरसफाई उपभोक्ता समिति – रु. २(दुई) लाख

साथै FUND BOARD, NEPAL बाट थप अनुदान रकम प्राप्त हुन नसकेमा माथि उल्लेखित बजेट रकमको खानेपानी उपभोक्ता समितिहरुको खातामा ट्रान्सफर गरिएकोको रकमलाई खानेपानी योजनाको तत्काल आवश्यक कार्यको लागि लागत अनुमान तयार गरि सो बमोजिमको कार्य सम्पादन गरि उक्त समपुरक कोष अनुदान रकम फस्र्योट गर्न सकिने निर्णय गर्नको लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो|

निर्णय नं ५ यस चन्द्रनगर गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने नाढ़ीमन ताल (पोखरी) ठेक्का सबै भन्दा बढी रकम कबोल गर्ने श्री रबि मत्सय पालन उधोग, चन्द्रनगर -६,सर्लाही को बोलपत्र स्वीकृत गरि निजले कबोल गरेको बार्षिक रकमको ५०% रकम नगदी दाखिला गर्न र बाकी बार्षिक रकम बराबर बैंक ग्यारेन्टी वा जग्गा धितो राखी सम्झौता गर्न आउन पत्राचार गरिएकोमा निजले नगद रु.६,६०,०००\-(रुपैया छ लाख साठ्ठी हजार मात्र ) गा.पा. को धरौटी खातामा भुलाबश दाखिला गरेकोले सो रकम संचित कोष खातामा ट्रान्सफर गरिदिनु हुन भनि निबेदन पेश गरेको,रु.१०,०००\(रुपैया दश हजार मात्र ) निज ले बोलपत्र दर्ता गर्दा यस गाउँपालिका को धरौटी खाता मा दाखिला गरेको रु.३१,१०,०००\-(रुपैया एकतिस लाख दश हजार मात्र) मध्ये बढी हुन आउने धरौटी रकम रु. १०,०००\-(रुपैया दश हजार मात्र) समेत आफुले बुझाउनु पर्ने किस्ता रकममा मिन्हा गरि पाउन निबेदन दिएको, रु. १४,९५,०००\- कार्यालयमा नगदी दाखिला गरि सो रकम कार्यालयले गा.पा. को संचित कोष खातामा दाखिला गरिसकेको र बाकी रकम मध्ये लोकेन्द्र माछापालन उधोगको नाम बाट यस गाउँपालिकाको धरौटी खातामा दाखिला गरेको रु.२१,४०,०००\-(रुपैया एक्काइस लाख चालिस हजार मात्र) र मछियामाई माछा फर्मले बोलपत्र दर्ता गर्दा यस गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको रु.१८,९५,०००\-(रुपैया अठार लाख पन्चानब्बे हजार मात्र) निजहरुले श्री रबि मत्स्य पालन उधोग, चन्द्रनगर -६ को नाममा नाढ़ीताल(पोखरी माछासमेत) ठेक्का स्वीकृत भएको हुँदा आफुहरुले यस गाउँपालिकाको धरौटी खातामा जम्मा गरेको रकम निज रबि मत्स्य पालन उधोगले बुझाउनु पर्ने किस्ता रकममा मिन्हा गरिदिन मन्जुरीनामा पेश गरेको तथा बाकि ५०% बार्षिक किस्ता रकमको हकमा निजले जग्गावालाको मंजुरिनामा सहित पेश गरेको जग्गा धितोको यस गाउँ कार्यपालिकाको मिति २०७४\१२\०५ गतेको बैठकको निर्णय अनुसार गठित जग्गा मुल्यांकन समितिले सरकारी दररेट तथा चलनचल्तीको मूल्य लाई बिचार गरि कुल रु.६६,००,०००\-(रुपैया छैसाठ्ठी लाख मात्र) मुल्यांकन गरि प्रतिबेदन पेश गरेको हुँदा सो जग्गा रोक्का राखी सम्झौता शर्तमा म्याद भित्र बाकि किस्ता रकम नबुझाएमा स्वतः गाउँपालिकाको नाममा जग्गा नामसारी हुने ब्यवश्था गरि ठेक्का सम्झौता गर्ने र सम्झौता भएपश्चात धरौटी खातामा रहेको नियमानुसार रबि मत्स्यपालन उधोगले राख्नु पर्ने धरौटी बापतको रकम बाहेक मंजुरिनामा पेश भएको धरौटी रकम गाउँपालिकाको मूल संचित कोष खातामा आम्दानी बाध्ने मिति २०७४\१२\३० गते बसेको चन्द्रनगर गाउँ कार्यपालिकाको बैठकको निर्णयलाई अनुमोदन गराउनको लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

साथै, नाढ़ीताल (पोखरी माछासमेत) ठेक्काको बार्षिक किस्ता रकमको हकमा सम्झौतापत्रमा जेसुकै उल्लेख भएको भएपनि ठेकेदार पक्षको समेत सहमतिमा ठेक्का सम्झौता भएको मितिले एक बर्ष नबढ्ने गरि आर्थिक बर्षलाई समेत बिचार गरि छ\छ महिनाको किस्ता कायम गरि किस्ता बुझाउने म्याद तोक्ने अधिकार चन्द्रनगर गाउँ कार्यपालिका लाई प्रत्यायोजन गर्ने निर्णय गर्नको लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

निर्णय नं ६ यस चन्द्रनगर गाउँपालिकामा दरबन्दीबमोजिम कर्मचारी नरहेको र उपलब्ध कर्मचारीहरुले कार्यालय समयबाहेक साँझ र बिहान समेत खटि कार्यरत रहेको हुँदा कर्मचारीको अतिरिक्त समय हाजिरीको आधारमा निजहरुले बिहानको समयमा दैनिक १(एक) पटकको खाना खर्च चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत बजेट सिमा ननाघ्ने गरि बिबिध खर्च शिर्षकबाट खर्च लेख्ने गरि भुक्तानी दिने निर्णय अनुमोदन गराउनको लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

साथै ,कर्मचारीले अतिरिक्त समय काम गरेबापत मिति २०७४\०९\०४ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णयबमोजिमको कायम प्रोत्साहन भत्तालाई प्रथम गाउँ सभाको मिति २०७४\०९\३० गतेको बैठकले अनुमोदन गरि सकेको र हालको आन्तरिक स्रोत संकलन प्रथम गाउँ सभाले प्रक्षेपित लक्ष्य अनुरुप देखिएको हुँदा सो प्रोत्साहन भत्ता कर्मचारीको अतिरिक्त समय हाजिरीको आधारमा भुक्तानी गर्ने निर्णय अनुमोदनको लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

निर्णय नं ७ यस चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत सरकारी,ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण कार्यको लागि गाउँ कार्यपालिकाको निर्णयअनुसार समिति गठन गरि नक्सा झिकाई अमिन समेत खटाई सार्बजनिक,ऐलानी तथा पर्ती जग्गा खोजि गर्दा हाल सम्म केहि पोखरी सहित करिब ३० बिघा निजि हकभोग रहेको सार्बजनिक,ऐलानी तथा पर्ती प्रारम्भिक प्रतिबेदन प्राप्त भएको र उक्त प्राप्त जग्गाको तत्काल संरक्षण (डिल, आली,घेरबेरा आदि) गर्नुपर्ने भएको हुँदा कार्यपालिकाको निर्णय बमोजिम गठित सरकारी,ऐलानी तथा पर्ती जग्गा खोजि तथा संरक्षण समितिलाई नै थप बजेट बिनियोजन गरि प्राबिधिकले तयार गरेको लागत अनुमानबमोजिम हेब्बी इकुप्मेंट समेत प्रयोग गर्नु पर्ने भएमा सो को समेत प्रयोग गरि प्राप्त निजि हकभोगमा रहेको सार्बजनिक,ऐलानी तथा पर्ती जगगाको तत्काल संरक्षण गर्ने निर्णय गर्न बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं ८** चन्द्रनगर गाउँपालिकामा केन्द्र वा जिससबाट थप जनशक्ति खटी नआए सम्म गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय संचालनको लागि हाललाई तपशिल बमोजिमको कर्मचारीलाई जिल्ला दररेट बमोजिम सेवा सुबिधा पाउने गरि दैनिक ज्यालादारीमा वा करार नियुक्ति गरि निजहरुको दैनिक हाजिरीको आधारमा प्रथम गाउँ सभाबाट अन्तरिक स्रोत चालु खर्च तर्फ विनियोजित अन्य सेवा शुल्क शिर्षक नबढ्ने गरि पारिश्रमिक भुक्तानी दिने गरि कर्मचारी नियुक्ति गरि गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयमा कर्मचारी व्यवस्थापन गर्ने निर्णय गर्न बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो:

**तपशिल**

ब्याक हो लोडर अपरेटर -१(एक)जना – गाउँ कार्यपालिका( अध्यक्षस्तरीय) निर्णय गरि दैनिक ज्यालादारीमा नियुक्ति गरेको निर्णय अनुमोदन गर्ने र नियमानुसार करार नियुक्तिको प्रक्रिया अघि बढाउने

कार्यालय सहयोगी-५(पाँच) जना- गाउँ कार्यपालिका( अध्यक्षस्तरीय) निर्णय गरि दैनिक दैनिक ज्यालादरिमा गरेको नियुक्ति अनुमोदन गर्ने

पाले – २(एक) जना- दैनिक ज्यालादारी- गाउँ कार्यपालिका( अध्यक्षस्तरीय) निर्णय गरि दैनिक ज्यालादरिमा गरेको नियुक्ति अनुमोदन गर्ने

माली-१(एक) जना- गाउँ कार्यपालिका( अध्यक्षस्तरीय) निर्णय गरि दैनिक ज्यालादरिमा गरेको नियुक्ति अनुमोदन गर्ने

ट्याक्टर ड्राइभर – २(दुई)जना – ट्याक्टर खरिदपछी करार सेवा मा राख्ने

सहायक कम्प्युटर अपरेटर – ७(सात) जना –दैनिक ज्यालादारी नियुक्ति गरि कामकाज गराउने

**निर्णय नं ९** यस गाउँपालिकाको आन्तरिक स्रोत ठेक्का व्यवस्थापनको लागि ठेकेदारसंग माग गरिएको बोलपत्र जमानतको हकमा सार्बजनिक खरिद ऐन,२०६३ र नियमवाली ,२०६४ मा समेत नगद वा बैंक ग्यारेन्टी स्वीकार गर्ने व्यवस्था रहेको हुँदा यस गाउँपालिका बाट आह्वान गरिएको ठेक्का सूचनामा नगद मात्र स्वीकार गर्ने भनि लेखिएको र सोहि अनुरुप बोलपत्र परि ठेक्का सम्झौता भई सकेको ठेक्काको समेत ठेकेदारले बोलपत्र जमानत बापत बैंक ग्यारेन्टी पेश गरेमा सो बराबरको बोलपत्र जमानत नगद रकम बार्षिक किस्तामा मिन्हा हुने गरि बैंक ग्यारेन्टी स्वीकार गर्ने निर्णय हुन बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |
साथै अन्य ठेक्का ब्यवाश्थापनको लागि सूचना आह्वान गर्दा बैंक ग्यारेन्टी स्वीकार गर्ने निर्णय हुन बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं १०** नेपालको संविधानको अनुसूची ८ मा उल्लेख भएबमोजिम आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको अधिकारको सुचिमा रहेको तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११को उपदफा २ को खण्ड (ज) को ११ मा सामुदायिक बिधालयको शिक्षक तथा कर्मचारी दरबन्दी मिलान गर्ने अधिकार गाउँपालिकामा निहित रहेको हुँदा यस गाउँपालिकाको शिक्षा ऐन तथा नियमावाली लागु नहुँदा सम्म हाललाई प्रथम गाउँ सभाले वित्तीय समानिकरण तर्फ चालु कार्यक्रम खर्च शिर्षक अन्तर्गत संस्थागत अनुदान शिर्षकमा विनियोजित बजेट सिलिंग नबढ्ने गरि आवश्यकता अनुसार शिक्षक नियुक्ति गरि शिक्षाको गुणस्तर बृद्दी गर्ने निर्णयहुन बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं ११** यस चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट नागरिकता सिफारिस दस्तुर तोकेकोमा नागरिकता जस्तो व्यक्तिको नैसर्गिक अधिकारको सिफारिस दस्तुर नलिने निर्णय हुन बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं १२** यस गाउँपालिकाकाको क्षेत्र ठुलो रहेको र ग्रामिण सडक रहेको कारण सवारी इन्धन पनि बढी लाग्ने भएकाले पदाधिकारी तथा कर्मचारीहरुले दैनिक आवातजावत तथा योजना अनुगमन तथा स्थानीय समस्या समाधान र जनताको घरदैलोमा पुगी सल्लाह,सुझाब र गुनासो सुन्ने कार्यको लागि सरकारी तथा निजि सवारी साधन (मोटरसाईकल तथा जिप ) प्रयोग गरिरहेको र उक्त सरकारी तथा निजि सवारी साधनको इन्धनबापत लगबुक अनुसार हालसम्म चन्द्रनगर गाउँपालिकाको कार्यालयले भुक्तानी दिएको निर्णय अनुमोदन गर्ने र बैशाख , जेष्ठ र असार महिनामा बढी मात्रामा योजना अनुगमन,निरीक्षण तथा मुल्यांकन कार्यमा खटिनु पर्ने भएको हुँदा आवश्यकता र औचित्यको आधारमा लगबुक अभिलेख राखी इन्धन उपलब्ध गराउने निर्णय हुन बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

**निर्णय नं १३** यस गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत विभिन्न तालिम,अन्तरक्रिया तथा क्षमता विकास लक्षित कार्यक्रमहरु संचालनको लागि देहायअनुसारको कार्यविधि पालना गर्ने निर्णय हुन बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो :

-५ (पाँच) लाख सम्मको बजेट सिमा भएको तालिम,अन्तरक्रिया तथा क्षमता विकास कार्यक्रम –कानूनबमोजिम दर्ता भएको र यस गाउँपालिकामा सुचिकृत संघसंस्थाको प्रस्तावको आधारमा सोझै बार्ताबाट खरिद गर्ने

-५(पाँच) लाख भन्दा बढी १०(दश) लाख सम्म बजेट सिमा भएको तालिम,अन्तरक्रिया तथा क्षमता विकास कार्यक्रम-कानूनबमोजिम दर्ता भएको संघ-संस्था लाई स्थानीय पत्रिका वा कार्यालयको सूचना पाटि वा वेबसाइटमा न्युनतम ७(सात) देखि १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकासन गरि आर्थिक तथा प्राविधिक प्रस्ताबिको मुल्यांकन गरि संस्था छनौट गर्ने
(CTEVT बाट मान्यता प्राप्त तालिम केन्द्रलाई बिशेष प्राथमिकता दिने)
माथि उल्लेखित प्रक्रिया पुरा गरि यस अघि भएका सम्झौतासमेत अनुमोदन गर्न बिशेष गाउँ सभामा पेश गर्ने

<u>निर्णय नं १४</u> चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत तपशिल बमोजिमको चालु खर्च शिर्षकमा देहायबमोजिम संशोधन गर्ने निर्णय निर्णय हुन बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो :
गाउँ कार्यपालिकाको कार्यालय तर्फ

| सि.नं. | बजेट शिर्षक | प्रथम गाउँसभा बाट विनियोजित रकम(रु.लाख ) | २०७५ बैशाख १२ गते सम्मको यथार्थ खर्च (रु.लाख मा) | आ.ब.२०७४\२०७५ को संशोधित बजेट (रु.लाख ) | स्रोत | |
|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक | नेपाल सरकार |
| २११११ | पारिश्रमिक कर्मचारी | ४५०० | ३०९५ | ४१०० | | ४१०० |
| २१११२ | परिश्रमिक पदाधिकारी | ६०० | ० | ४८७० | ६०० | ४२७० |
| २११२१ | पोशाक | ५२४ | १२० | २०० | | २०० |
| २११३२ | महगी भता | ३७२ | १०० | ३७२ | | ३७२ |
| २११३४ | वैठक भता | १५०० | ४०० | ८०० | | |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १४०० | ० | १४०० | १४०० | ० |
| २११३९ | अन्य भता | २५० | ० | ३०० | | २०० |
| २११४२ | पदाधिकारी अन्य सुवधिा | ६०० | ० | १०० | | १०० |
| २१२१४ | पानी तथा विजुली | ५०० | ४५ | २५० | | २५० |
| २१२१४ | सचार महसुल | ५०० | ७५ | ५०० | | ५०० |
| २२२१२ | इन्धन | २००० | ४०० | २००० | | २००० |
| २२२१३ | सचालन तथा मर्मत खर्च | १००० | १६० | ७०० | | ७०० |
| २२२१४ | वीमा तथा नविकरण | ५०० | ६० | २०० | | २०० |
| २२३११ | कार्यालय सम्बन्धी खर्च | २५०० | ४७० | २५०० | | २५०० |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | २०० | ० | ५०० | | ५०० |
| २२३११ | विषयगत कार्यालय सम्बन्धी खर्च | ० | | ४५४ | | ४५४ |
| २२३१४ | इन्धन अन्य प्रयोजन | १५० | ० | ५० | | ५० |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन | ५०० | १४० | ५०० | | ५०० |
| २२४११ | सेवा तथा परामर्श | ३०० | ० | ५०० | | ५०० |
| २२४१९ | अन्य सेवा शुल्क | १९०० | ५५० | १५०० | ९०० | ६०० |
| २२५११ | कर्मचारी तालिम | ५०० | ० | ३०० | | ३०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | ३०० | ० | ३०० | | ३०० |
| २२६११ | अनुगमन मुल्याकन खर्च | १००० | ४०० | ७०० | | ६०० |
| २२६१२ | सरुवा भ्रमण खर्च | १०० | ० | ० | | |
| २२७११ | विविध खर्च | १५०० | ४०० | १००० | | १००० |
| २२७२१ | सभा सचालन खर्च | १००० | ९०० | १००० | | १००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २४४१२ | सुचना प्रणाली तथा सफ्टवेयर | २२०० | ० | २२०० | | २२०० |
| २७२११ | छात्रवृती | १०० | ० | १०० | | १०० |
| २७२१२ | उदार राहत तथा पुनस्थापना खर्च | ७०० | ० | ४०० | | ४०० |
| २८१४२ | घर भाडा | २०० | | २०० | | २०० |
| २२५१२ | अध्ययन अवलोकन भ्रमण | ५०० | ५०० | ५०० | | ५०० |
| २८१४९ | अन्य भाडा | १२०० | ० | ६०० | | ६०० |
| २२५२२ | कार्यक्रम खर्च | १०९०३ | | १०९०३ | | १०९०३ |
| | जम्मा | ३९९९९ | | ३९९९९ | २९०० | ३७०९९ |

-प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची-४ वित्तीय समानीकरण चालु कार्यक्रम खर्च अन्तर्गत तपशिल बमोजिमको योजनामा देहाय बमोजिमको संशोधन गर्ने निर्णय निर्णय हुनका लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो:
लक्षित बर्ग बिकास कार्यक्रम शिर्षक अन्तर्गत क्र.सं.१२ मा रहेको सामुदायिक सूचना केन्द्र संचालन कार्यक्रम को लागि विनियोजित रु.४(चार) लाख रकम को योजना शिर्षक संसोधन गरि एकल महिला सम्मान कार्यक्रमको लागि रु.४(चार) लाख विनियोजित गर्ने ।

**निर्णय नं १५** चन्द्रनगर गाउँपालिकाको प्रथम गाउँ सभाबाट स्वीकृत वित्तीय समानीकरणतथा आन्तरिक स्रोत तर्फको तपशिल बमोजिमको पुँजीगत बजेट शिर्षकमा देहाय बमोजिमको संशोधन गर्ने निर्णय हुन् बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो:
१.प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची ५ (ङ) को समपुरक कोष शिर्षकमा विनियोजित बजेट रकम संघ तथा प्रदेश सरकार लगायत अन्य निकायबाट लागत अनुदान हाल सम्म पनि प्राप्त हुन नसकेको कर्ण प्रथम गाउँ सभा बाट स्वीकृत रु.१(एक)करोड ५०(पचास) लाख रकम लाई तपशिल बमोजिम रकम बांडफांड गरि योजना संचालन गर्ने निर्णय हुनका लागि बिशेष गाउँ सभामा पेश गर्ने निर्णय गरियो:

| सि.नं | योजनाको नाम | विनियोजित रकम(रु.) | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|
| १ | 4WD जिप(फुल अप्शन ) | ६१ लाख | बोलपत्र | |
| २ | सरकारी ऐलानी पर्ती जग्गा संरक्षण कार्य | २५ लाख | सा.ऐ.प. ज. खो. सं. स. मार्फत | |
| ३ | फर्निचर (गाउँपालिका ) | ५ लाख | अवास्यकतानुसर सोझै खरिद वा कोटेशन | |
| ४. | मेशानेरी औजार (गाउँपालिका ) | २ लाख | अवास्यकतानुसर सोझै खरिद वा कोटेशन | |
| ४. | फर्निचर तथा फिक्चर्स (वडा कार्यालय) | ३ लाख | " | |
| ५. | वार्ड नं ५ ब्रम्हास्थान देखि किशोरी महतो घर हुँदै राम ब. साहको घर हुँदै विलास महतो को घर सम्म ल.ई.ले पुगे सम्म सडक ढलान | १२ लाख | उपभोक्ता समिति मार्फत | |
| ६. | शौचालय सामग्री वितरण (बिपन्न वर्ग) | १२लाख | गाउँ स्तरीय उपभोक्ता समिति मार्फत | |
| ७. | वडा नं ७ को जंगली ढाङरको घर देखि वडा नं ६ गंगा रामको घर सम्म नया सडक निर्माण | ३० लाख | उपभोक्ता समिति मार्फत | |

२.प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची -५ (ङ) को आकष्मिक कोष शिर्षक मा विनियोजित रु.३०(तीस)लाख बजेट रकम लाई तपशिल बमोजिम बाडफाड गरि योजना संचालन गर्ने निर्णय गरियो :

| सि.नं. | योजनाको नाम | बिनियोजन रकम (रु.) | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|
| १. | आकष्मिक कोष | १०(दश) लाख | आवश्यकतानुसार | |
| २. | वडा नं २ को राम जानकी मन्दिर शौचालय निर्माण | २(दुई) लाख | कोटेशन | |

| | | | | |
|---|---|---|---|---|
| ३. | वडा २ नं राम जानकी मन्दिर चेत नारायण मठ को शौचालय निर्माण | १(लाख)५०(पचास)हजार | कोटेशन | |
| ४. | वडा नं १ को खेशारिया खोलामा तटबन्धन मर्मत | २लाख ५० हजार | उपभोक्ता समिति मार्फत | |
| ५. | वडा नं २ को बिर्ता बजार देखि बेला जाने सडकमा गणेश श्रेष्ठको पोखरी नजिकको पक्कि पुल निर्माण मा थप रकम | ६ लाख ४५ हजार | उपभोक्ता समिति मार्फत | |
| ६. | वडा नं. ३को साबिक योजना गेरुका टोलको ट्रान्सफर्मर देखि उत्तर राम किशुन थारु को घर हुदै बद्रि साहको घर सम्म तत्प सडक ढलान | ४ लाख ५० हजार | साबिक उपभोक्ता समितिको कार्यसम्पादन प्रतिबेदान अनुरुप थप रकम भुक्तानी दिने | प्रथम गाउँ सभाबाट बिनियोजीत रकममा थप |
| ७. | वडा नं ३ को साबिक योजना कोरियाही टोलस्थित शिबलक महतो को घर देखि ब्राम्हस्थानको गेट सम्म सडक ढलान कार्यको लागि थाप रकम | १ लाख ५० हजार | साबिक उपभोक्ता समितिको कार्यसम्पादन प्रतिबेदान अनुरुप थप रकम भुक्तानी दिने | प्रथम गाउँ सभाबाट बिनियोजीत रकममा थप |
| ८. | वडा नं ७ को डिल्लीबजार स्थित अधुरो धर्मशाला मर्मत | २५ हजार | मर्मत बिल तथा फोटोको आधारमा वडा अध्यक्षको सिफारिस मा भुक्तानी दिने | |
| ९. | साबिक बिषयगत(शिक्षा तर्फ) वडा नं ७ को नाढ़ीटोल को अक्शेबर प्रा.बि.मा अधुरो कम्पाउण्ड वाल मर्मत कार्यमा थप रकम | १ लाख ३० हजार | साबिक उपभोक्ता समिति मार्फत | प्रथम गाउँ सभाबाट बिनियोजीत रकममा थप |

३. प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची -५ (ङ) को नाढ़ीताल जलकुम्भी सरसफाई कार्यक्रम अन्तर्गत विनियोजित रु.१०(दश) लाख रकम मध्ये हालसम्म रु ५(पाँच) लाख मात्र खर्च भएको हुँदा बाँकि रु.५(लाख) रकम लाई देहायानुसर योजनामा रकम बाडफाड गरि योजना संचालन गर्ने निर्णय गरियो:

- वडा नं. १ को लगुवा देखि किशांपुर जाने ल. ई. ले भ्याए सम्म सडक मर्मत - रु. ५(पाच ) लाख- उपभोक्ता समिति मार्फत

४. प्रथम गाउँ सभा बाट विनियोजित ब्याक हो लोडर खरिद शिर्षक मा विनियोजित रु.४४(चौवालिस) लाख रकम मध्ये बचत हुन आएको रु.४ (चार) लाख रकम लाई देहाय अनुसारको योजनामा स्वीकृत गरि योजाना संचालन गर्ने निर्णय गरियो :

| सि.नं. | योजनाको नाम | बिनियोजन रकम (रु.) | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|
| १. | वडा नं ५ स्थित ठगा मियाको घर देखि मदरसा सम्म ल.ई.ले भ्याए सम्म सडक ढलान | ४(चार) लाख | उपभोक्ता समिति मार्फत | |

५. प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची -५(ङ) को न्यायिक समितिको भबन निर्माण शिर्षक मा विनियोजित बजेट उचित जग्गा प्राप्त नभई योजना संचालन हुन् नसकेको हुँदा तपशिल बमोजिमको योजना मा रकम बांडफांड गरि योजन संचालन गर्ने निर्णय गरियो :

| सि.नं. | योजनाको नाम | बिनियोजन रकम (रु.) | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|
| १. | नाढ़ीताल अगाडिको अधुरो भबनको छतमा जाने भारयांग निर्माण र ल.ई. ले भ्याए सम्मको अन्य निर्माण | ५(पांच) लाख | कोटेशन | |
| २. | ट्राक्टर खरिद ट्रली समेत (न्युनतम ४५ एचपी) | १६ (सोह्र)लाख | सिलबन्दी दरभाउ मार्फत | |
| ३. | अनिल कर्णको घर हुदै पोखरीको पश्चिम तर्फ मुहान हुदै महेन्द्र शाहको घर सम्म जाली बोल्डर ल.ई ले भ्याए | ५,४४,००० (पाँच लाख चौवालिश हजार ) | उपभोक्ता मार्फत | |


महेन्द्र महतो

| | | | | |
|---|---|---|---|---|
| | सम्म अन्य निर्माण | | | |
| ४. | वडा न.२ को गौचरण बजारमा धरमसला निर्माणको लागि थप रकम | ४ (चार)लाख | उपभोक्ता मार्फत | |

५ .प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची -५ (ङ) को मेसिनरी औजार तथा अन्य उपकरण (कम्प्युटर ,ल्यापटप,प्रिन्टर ,फोटोकपी मेशीन आदि ) शिर्षक को बजेटलाई देहाए बमोजिम बाडफाड गर्ने निर्णय गरियो :

| सि.नं. | योजनाको नाम | बिनियोजन रकम (रु.) | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|
| १. | मेसिनरी औजार तथा अन्य उपकरण (कम्प्युटर ,ल्यापटप,प्रिन्टर ,फोटोकपी मेशीन आदि ) गाउँपालिका | ५लाख ५०हजार | आवस्यकता अनुसार कोटेशन तथा सोझै खरिद | |
| २. | मेसिनरी औजार तथा अन्य उपकरण (कम्प्युटर ,ल्यापटप,प्रिन्टर ,फोटोकपी मेशीन आदि ) वडा कार्यालय | ५ लाख | आवस्यकता अनुसार कोटेशन तथा सोझै खरिद | |

६. प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची -६ आन्तरिक स्रोत पुँजीगत शिर्षक तर्फ को समपुरक कोष शिर्षक मा विनियोजित रु.५०(पचास) लाख रकम लाई देहाय बमोजिम बांडफांड गर्ने निर्णय गरियो:

| सि.नं. | योजनाको नाम | बिनियोजन रकम (रु.) | खरिद बिधि | कैफियत |
|---|---|---|---|---|
| १. | समपुरक कोष(सडक,पुल,सौर्य सडक बत्ति,साझेदारीमा अन्य कार्यहरु ) | ३०(तीस) लाख | नियमानुसार (कार्यक्रम प्रकृति हेरी) | |
| २. | मोटरसाईकल (न्युनतम १६० सिसि) ७ (वटा) | १८(अठार) लाख | शिलबन्दी दरभाउ | |
| ३. | साबिक योजना गाउँ वित्तीय समानीकरण पुँजीगत कार्यक्रम तर्फ चतुर्भुजी दहको भत्केको डील मर्मत कार्यमा थप रकम | २(दुइ) लाख | कोटेशन | |

७. प्रथम गाउँ सभा बाट स्वीकृत अनुसूची-(घ) को वडा नं १ को पुर्बधार बिकास(वडा सिफारिस) बमोजिम वडा स्तरीय योजना वडा नं १ को क्र.सं . २ को साबिक किशंपुर १ अन्तर्गत भादिसन्याही खोलामा पुल निर्माण योजनाको लागि विनियोजित रु.३(तीन) लाख बजेट लाई योजनाको नाम संशोधन गरि बिधालयको चौरमा माटो भर्ने कार्यको लागि साबिक योजना बमोजिम नै रु.३(तीन) लाख बजेट बिनियोजन गरि योजना संचालन गर्ने निर्णय गरियो|

<u>**निर्णय नं १६**</u> यस गाउँपालिकाको वडा नं ६ कामदमा रहेको स्वाश्थ्य चौकीमा स्वीपर पदमा बिगत देखि नै कामकाज गर्दै आई रहेको श्रीमती रेणु देबी बैठा लाई स्वाश्थ्य चौकी व्यवस्थापन समितिले २०७४\११\२७ गतेको निर्णयानुसार २०७४ साउन १ गते देखि लागु हुने गरि भएको करार नियुक्ति अनुमोदन गरि स्वाश्थ्य तर्फ सशर्त अनुदानबाट करार बमोजिमको पारिश्रमिक भुक्तानी दिने निर्णय गर्नको लागि गाउँ सभामा पेश गर्ने निर्णय गरियो |

<u>**निर्णय नं १७**</u> यस गाउँपालिकाको क्षेत्र भित्र विस्तार हुने रिंगरोड सम्भाव्यता अध्ययन गर्दा रिंगरोडले छुने सडक न्युनतम १३ (तेह्र) मिटर सडक चौडाई कायम राख्ने निर्णय गर्नको लागि गाउँ सभामा पेश गर्ने गरियो |

<u>**निर्णय नं १८**</u> यस गाउँपालिकाले खरिद गरेको Back Hoe loader संचालन कार्यविधि नबन्दा सम्म गाउँपालिका क्षेत्र भित्र सडक मर्मत,नया सडक खोल्ने, खाल्टो पुर्ने लगायतका अन्य सार्बजनिक कार्यमा प्रयोग गर्नको लागि आवश्यकताअनुसार खटाउन गाउँपालिका अध्यक्षलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो| यस अघि गाउँपालिकाको अध्यक्षको आदेश बमोजिम सार्बजानिक कार्यमा ब्याक हो लोडर प्रयोग गरि नया ट्र्याक खोले , सडक मर्मत गर्ने आदि गरिएको कार्यको अनुमोदन गर्ने निर्णय गरियो | अध्यक्षको आदेश बमोजिम सार्बजानिक कार्यमा ब्याक हो लोडर प्रयोग गर्दा लाग्ने इन्धन तथा अपरेटर खाजा भत्ता(दैनिक रु २५०।-) गाउँपालिकाले व्यहोर्ने निर्णय गर्नको लागि गाउँ सभामा पेश गर्ने गरियो |

<u>**निर्णय नं १९**</u> यस गाउँपालिका मा प्रथम गाउँ सभा(गाउँ कार्यपालिकाको निर्णय बाट संशोधित समेत) बाट स्वीकृत विभिन्न ग्रामिण कृषि सडक स्तरोन्नतिका ठुला योजनाहरु किसानहरुको प्रत्यक्ष संलग्नतामा उपभोक्ता समिति मार्फत संचालन गर्नु पर्ने भएको हुँदा प्राबिधिकले लागत अनुमान तयार गर्दा कै बखत हेब्बी इकूपमेन्ट प्रयोग हुने सिफारिस गरिएको योजनाको हकमा

महेन्द्र महतो

उपभोक्ता समितिलाई हेब्बी इकूपमेन्ट प्रयोग गर्ने अनुमति साथ योजना सम्झौता गरि योजना संचालन गर्ने निर्णय गर्नको लागि गाउँ सभामा पेश गर्ने गरियो |

<u>गाउँ कार्यपालिकाको निर्णय नं १ देखि १९ सम्मका सम्पूर्ण निर्णयहरु माथि सर्बसहमति जनाउने पदाधिकारीको नाम,पद र दस्तखत</u>

| | | |
|---|---|---|
| अध्यक्ष | महेन्द्र महतो | |
| उपाध्यक्ष | विणा देवी साह | |
| अध्यक्ष वडा नं. १ | बच्चे राय | |
| अध्यक्ष वडा नं. २ | राम नारायण महतो | |
| अध्यक्ष वडा नं. ३ | सिताराम महतो | |
| अध्यक्ष वडा नं. ४ | जगदिश साह | |
| अध्यक्ष वडा नं. ५ | नन्दलाल राय | |
| अध्यक्ष वडा नं. ६ | रामचन्द्र कापड | |
| अध्यक्ष वडा नं. ७ | राम नारायण सिंह | |
| कार्यपालिका सदस्य | नथुनि मुखिया विन | |
| कार्यपालिका सदस्य | इस्लाम मंसुर | |
| कार्यपालिका सदस्य | विल्टुनिया देवी चमार | |
| कार्यपालिका सदस्य | लिलिया देवी | |
| कार्यपालिका सदस्य | समिना वेगम | |
| कार्यपालिका सदस्य | पति देवी माझी | |

महेन्द्र महतो
गाउँपालिका अध्यक्ष